# सार्वजनिक सुनुवाई प्रतिवेदन

## सुशासन, पारदर्शिता र




## जनउत्तरदायी सरकारी सेवा



सार्वजनिक सुनुवाईमा सहभागीहरु



सर्वाजनिक सुनुवाईमा उपस्थित विशिष्ट अतिथिहरु



सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिकका प्रश्नको जवाफ दिदै जनस्वास्थ्य कार्यालयका प्रमुख निशा जोशी

## २०७६ असार २८ गते

## आयोजक

## जिल्ला प्रशासन कार्यालय

## बैतडी

### नागरिक समाज बैतडी

### सहजीकरण

नेपाल पत्रकार महासंघ
बैतडी शाखा

प्रतिवेदन तयार पार्ने : नेपाल पत्रकार महासंघका तर्फबाट जिल्ला सचिव नरी बडु

# विषय सूची

१. सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्तिको नाम/ठेगाना/काम गर्ने निकाय .................. 2

२. सुनुवाई गरिएका बिषयवस्तु .................................................. 2

३. कार्यक्रम आयोजना स्थल/मिति/समय/अवधि.................................. 2

४. पृष्टभुमी .................................................................. 2

५. सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्य ....................................3

६. सार्वजनिक सुनुवाई कार्यक्रम संचालनको विधि र चरणहरु.........................3

७. सार्वजनिक सुनुवाई कार्यक्रमको उपलब्धि ....................................5

अनुसूची:...................................................................... 6

अनुसूची – १ सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्न र तिनका जवाफ ................. 6

अनुसूची – २ नागरिक प्रतिवेदनको नतिजा.................................................9

अनुसूची– ३ सार्वजनिक सुनुवाईका लागि अनुमोदन गरिएको आचारसंहिता.................... 12

अनुसूची– ४ सार्वजनिक सुनुवाई कार्यक्रमका झलक.......................................... 13

अनुसूची– ५ सार्वजनिक सुनुवाई कार्यक्रमका भएको खर्च विवरण ............................ 14

सन्दर्भ सामाग्री.............................................................. 14

**सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्तिको नाम :** नरी बडु, अमरराज भट्टराई र गोकर्ण दयाल

**ठेगाना :** नेपाल पत्रकार महासंघ बैतडी शाखा

**काम गर्ने निकाय :** नेपाल टेलिभिजन, नयाँ पत्रिका र गोरखापत्र

**सुनुवाई गरिएका बिषयवस्तु**

क) जिल्ला स्थित सरकारी कार्यालयहरुको उद्देश्य र उद्देश्य प्राप्तिको दर

ख) जिल्ला स्थित सरकारी कार्यालयहरुले आ.ब. ०७५/०७६ मा संचालन गरेका विकास निर्माणका काम

ग) जिल्ला स्थित सरकारी कार्यालयहरुले आ.ब. ०७५/०७६ मा संचालन गरेका सेवा प्रभावह

घ) सरकारी कार्यालयहरुले प्रवाह गर्ने सेवाको गुणस्तर

ङ) जिल्ला स्थित सरकारी कार्यालयहरुको आ.ब. ०७५/०७६ का लागि विनियोजित बजेट र खर्चको अवस्था

च) सरकारी कार्यालयहरुले बजेट खर्च नर्न नसक्नुको कारण र सेवा प्रवाहमा देखिएका चुनौती

छ) सरकारी सेवालाई निष्पक्ष, उद्देश्यमुलक, प्रभावकारी र जनउत्तरदायी बनाउन के गर्नु पर्ला

ज) सरकारी कार्यालयहरुले आ.ब. ०७५/०७६ मा गरेका नमुना काम

**कार्यक्रम आयोजना स्थल :** दशरथचन्द नगरपालिका- ४ शाहीलेक स्थित श्री बिरेन्द्र मा.वि. को सभाहल, बैतडी

**कार्यक्रम आयोजना गरिएको मिति :** २०७६ असार २८ गते शनिबार बिहान ११ बजेदेखि दिउसो ४ बजेसम्म

**कार्यक्रम संचालन गरिएको अवधि :** ५ घण्टा

**पृष्टभुमी :**

सार्वजनिक सुनुवाई सामाजिक उत्तरदायित्व सुदृढ गर्ने एउटा महत्वपूर्ण औजार हो । राज्यद्वारा प्रदान गरिने सेवा सुविधाहरु सेवाग्राही माभ न्यायिक रुपमा पुगेको छ कि छैन सोको लेखाजोखा गर्ने काम सार्वजनिक सुनुवाईले गर्दछ । " सार्वजनिक सुनुवाई एउटा त्यस्तो सामुदायिक मञ्च हो जहाँ स्थानीय सेवा प्राप्त गर्ने नागरिकहरु र सेवा प्रदान गर्ने अधिकारीहरु बीच मुखा-मुख भई सार्वजनिक हितका विषयहरुमा प्रश्नहरु र त्यसको जवाफ आदान-प्रदान गरिन्छ"। सार्वजनिक सुनुवाई मार्फत नागरिकहरुले आफ्ना समस्या गुनासाहरु जिम्मेवार जनप्रतिनिधि/प्रशासकहरु समक्ष प्रत्यक्ष राख्न सक्दछन् र सेवा सुधारहरुका लागि सुझावहरु दिन सक्दछन । यस प्रकृयाले पछाडि पारिएका र राज्यका सेवाबाट वन्चित पारिएका महिला, दलित बालबालिका, जेष्ठ जागरिकहरु र सिमान्तकृत समुदायहरुको संलग्नता र पहुँच बढाउन समहत्वपुर्ण योदान पुग्दछ । सार्वजनिक सुनुवाईको प्रक्रियाले जनप्रतिनिधि तथा सरोकारवालालाई आफ्नो काम प्रति नागरिकका धारणा बुझ्न र पृष्ठपोषण लिने अवसर समेत प्रदान गर्दछ । सार्वजनिक सुनुवाईका माध्यमवाट अधिकार प्राप्त व्यक्तिहरुलाई जवाफदेही बनाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाउन मद्दत पुग्दछ । जस अनरुप बैतडी जिल्लामा पनि पहिलो पटक जिल्ला प्रशासन कार्यालयले जिल्ला स्थित सम्पुर्ण

सार्वजनिक सुनुवाइ
सर्वसाधारणको पहुँच अधिकारमा बस्नेहरूसम्म




सार्वजनिक सुनुवाइको नमूना

सरकारी तथा गैर सरकारी काया निकायहरुलाई जवाफदेही बनाउ ०७६ असार २८ गते सनिबार जिल्ला सदरमुकाममा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गऱ्यो । जिल्ला स्थित सबै सरकारी कार्यालयका प्रमुख, संघसंस्थाका प्रमुख, नागरिक समाज, पत्रकार, अधिकारकर्मि र सेवाग्राहीहरुको समउपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम गरियो । जसका माध्यमबाट स्थानीय जनताहरुले आफ्ना गुनासाहरु राख्ने अवसर पाए भने जवाफदेही निकायहरुले कमिकमजोरी सच्याउदै नागरिकहरुलाई प्रष्ट पार्ने मौका पाए ।

### सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्य :

जिल्ला स्थित जनताहरुलाई जिल्लामा रहेका सरकारी कार्यालयहरुले प्रवाह गरेका सेवामा स्थानीय जनताको पहुँचको अवस्थाका बारेमा जानकारी लिने, सार्वजनिक सेवा प्रवाहका क्रममा देखिएका कमि कमजोरी उठान गरी निराकरण गर्ने, सरकारी कार्यालयले प्रवाह गर्ने सबै प्रकारका सेवा सुविधाहरुमा स्थानीय नागरिकहरुको धारण, समस्या र गुनासाहरु बुझी आगामी दिनमा सेवा प्रवाहलाई सरल एवं सहज गरी नागरिक र सरकारको सम्बन्ध प्रगाढ एवं सकारात्मक बनाई सेवाप्रदायक निकायलाई जवाफदेही बनाउन सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको हो ।

### सार्वजनिक सुनुवाई कार्यक्रम संचालनको विधि र चरहरु :

जिल्ला प्रशासन कार्यालयको आयोजना र विषेश अगुवाईमा, नागरिक समाजको सहआयोजना तथा नेपाल पत्रकार महासंघ बैतडी शाखाको सहजिकरणमा संचालन गरिएको सार्वजनिक सुनुवाई गर्ने तयारी स्वरुप सर्वप्रथम कार्यक्रम संचालन हुनुभन्दा १० दिन अगाडी पहिलो चरणको छलफल गरियो । त्यसपछि दोश्रो चरणमा कार्यक्रम संचालन हुनु भन्दा एक हप्ता अघि दाश्रो चरणको छलफल गरियो जसमा कार्यक्रम संचालनको मिति, समय र स्थानको समेत टुङ्गो लगाईयो । छलफलले नागरिक अभिमत संकलन गर्ने, आयोजनक समिति गठन गेर्न र अन्य व्यवस्थापनका बारेमा समेत जिम्मेवारी वाडफाँड गऱ्यो । सुनुवाई कार्यक्रमको तयारी, संचालन, समिक्षा र प्रतिवेदन चरणलाई निम्नानुसार गरिएको थियो ।

| चरणहरु | विधिहरु |
|---|---|
| **तयारी चरणहरु** | • सार्वजनीक सुनुवाइका लागि बजेट व्यवस्था र टिप्पणी तयार गरियो ।<br>• कार्यक्रम सञ्चालंन गर्ने सहजकर्ता (मोडरेटर) को पहिचान र छनौट गरियो ।<br>• स्थानीय तह र सरकारी कार्यालयहरुसंग समन्वय गर्ने र तयारी टिम बनाईयो ।<br>• स्थानीय सेवा प्रदायक निकाय र अन्य सरोकारवाला निकायहरुसँग सार्वजनिक सुनुवाईको सन्दर्भमा छलफल गरी मिति र कार्यक्रम गर्ने स्थान टुङ्गो लगाईयो ।<br>• सवाल अनुसारको स्थाानीय सेवा प्रदायक निकायका व्यक्तिको समयको लागि १ हप्ता अगाडि पत्र र कार्यक्रम तालिका तयार पारी समय माग गरियो ।<br>• जिल्ला स्थित आम संचारका माध्यमबाट सार्वजनिक सुनुवाईको मिति, समय र स्थान समेत उल्लेख गरि सहभागिताका लागि आह्वान गरियो ।<br>• कार्यक्रम कसरी कहिले कहाँ गर्ने विषयमा विस्तृत. कार्यतालिका बनाउने र कसले के गर्ने भन्ने विषयमा जिम्मेवार व्यक्ति समेत तोकियो ।<br>• कुन सवालमा सार्वजनिक सुनुवाई सञ्चालन गर्ने सोको निमित्त सार जनातका सन्तुष्टि असन्तुष्टिका बारेमा सुचना संकलन गरियो ।<br>• जनातका सन्तुष्टि असन्तुष्टि जनाउने नागरिक प्रतिवेदन पत्रको सूचना विश्लेषण गरी नागरिक प्रतिवेद समेत बनाइयो ।<br>• सार्वजनिक सुनुवाईका क्रममा आउने सम्भाव्य चुनौति र व्यवस्थापन रणनीति पूर्वआकलन गरी सहजकर्ता र सरोकारवाला सहित टिममा रणनीति बनाउने र साझा बुझाई ल्याउने विषयमा छलफल गरियो । |

| चरणहरु | विधिहरु |
|---|---|
| | • सार्वजनिक सुनुवाईका लागि आवश्यक लजिष्टिकको (व्यानर, कुर्सी, माइक, आदि) व्यवस्थापन सुनिस्चित गरियो । |
| **कार्यक्रम सञ्चालन** | • पुर्व निर्धारित मिति समय र स्थान अनुसारनै बिहान ११ बजेदेखि कार्यक्रम सुरु गरियो । कार्यक्रमको संचालन नेपाल पत्रकार महासंघका सचिव नरी बडुले गरे ।<br>• प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले अध्यक्षता ग्रहण तथा कार्यक्रम शुरु भएको घोषणा गरे ।<br>• कार्यक्रममा बैतडी जिल्ला क्षेत्र नं. (क) र (ख) बाट निर्वाचित प्रदेश सभासदहरुलाई समेत प्यानलमा बसाईयो ।<br>• स्थानीय सेवा प्रदायक निकाय र अन्य सरोकारवाला निकायका पदाधिकारीलाई ड्यासमा आमन्त्रण गर्ने र प्यानलमा बस्ने पदाधिकारी तथा व्यक्तिहरुको पहिचान गराईयो ।<br>• कार्यक्रमको उद्देश्य माथि प्रकाश नेपाल पत्रकार महासंघका उपाध्यक्ष अमर भट्टराईले पारे ।<br>• सार्वजनिक सुनुवाई आचारसंहिता नेपाल पत्रकार महासंघका पुर्व अध्यक्ष गोकर्ण दयालले वाचन गरी सुनाए उक्त आचारसंहितालाई सबै सहभागीबाट अनुमोदन गराइयो ।<br>• सबै सरकारी कार्यायका प्रमुखले सवालसंग सम्बन्धित सार्वजनिक सेवा प्रवाहबारे संक्षिप्त जानकारी दिए । सहभागिहरुको लागि आफना जिज्ञासा, प्रश्न, असन्तुष्टिहरु, सल्लाह, सुझावको लागि फ्लोर ओपन गरियो ।<br>• सहभागीहरुबाट तोकिएका बिषयमा लिखित तथा मौखिक प्रश्नहरु संकलन गरियो । साथै उक्त कार्यक्रम जिल्लास्थित तीन वटा रेडियोहरुबाट समेत प्रत्यक्ष प्रशारण गरिएकाले रेडियो सुन्ने श्रोताहरुबाट पनि प्रश्न संकलन गरियो ।<br>• सहभागीहरु प्रश्नहरमा जिम्मेवार पदाधिकारीहरुबाट स्पष्ट पार्न लगाईयो<br>• जिम्मेवार पदाधिकारीहरुबाट स्पष्टता पछि थप जिज्ञासाका लागि सहभागीहरुमा आह्वान गरियो ।<br>• सम्बन्धित पदाधिकारीबाट थप जिज्ञासामा स्पष्टता ल्याउने काम समेत गराइयो ।<br>• कार्यक्रममा उपस्थित अधिकारकर्मि, संघसंस्थाका प्रतिनिधि, नागरिक समाज, राजनीतिक दलका प्रतिनिधि तथा प्रदेश साभासदहरुबाट सुझाव सहितको प्रतिवद्धता मन्तव्य सहित समापन मन्तव्य, धन्यवाद ज्ञापन कार्यक्रमका सभाध्यक्ष प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले गरे । |
| प्रतिवेदन/समीक्षा/फलोअप | • सहजकर्ताको सहयोगमा सार्वजनीक सुनुवाई पछि प्रचलित प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयार गरियो ।<br>• सार्वजनीक सुनुवाईको व्यवस्थापकीय पक्ष र सीकाईको समीक्षा गरियो ।<br>• प्रतिवेदन दस्तावेजिकरण गरी अभिलेख राख्ने काम समेत गरियो । साथै प्रतिवेदन जिम्मेवार निकायमा पठाउने काम समेत सम्पन्न गरियो ।<br>• सार्वजनिक सुनवाईमा सेवा प्रदायक निकायबाट गरिएका प्रतिवद्धताहरु कार्यान्वयन भए नभएको निरन्तर अनुगमन गर्ने सहमति भयो । |

**उपलब्धि :**

- ➢ सबै सार्वजनिक सेवा प्रदायक निकायहरुलाई बोलाएर एकै पटक गरिएको यो सार्वजनिक सुनुवाई जिल्लामा पहिलो अभ्यासका रुपमा स्थापित भयो ।
- ➢ जिल्ला स्थित अधिकासं कार्यालयका प्रमुखहरुले जनताहरुसंग प्रत्यक्ष बहस गर्ने अवसर पाए ।

- सेवाग्राहीहरुले पनि सेवाप्रदायक निकायसंग प्रत्यक्ष गुनासो एवं जिग्यासा राखि त्यसको समाधानको बारेमा समेत जानकारी पाए ।
- जिल्लामा संचालन रहेका सबै प्रशारण संचारमाध्यमहरुबाट कार्यक्रमको प्रत्यक्ष प्रशारण भएकाले रेडियो सुनेर पनि सेवाग्राहीले गुनासो राख्ने मौका पाए ।
- कार्यालय प्रमुखहरुले आफुले गरेका कामका बारेमा पनि सेवाग्राहीलाई जानकारी गराउने अवसर पाए ।
- प्रत्यक्ष सवाल- सवालले मनभित्र गुम्सिएका कुराहरु छर्लङ्ग भएपछि नागरिक र सरकारी कार्यालय बिचको सम्वन्ध जनिक भएको मान्न सकिन्छ ।
- कार्यक्रममा वतडी जिल्लाबाट निर्वाचित प्रदेशसभाका सदस्यहरु पनि भएकाले सेवाग्राहीहरुले उनिहरुसंग पनि गुनासो राख्ने मौका पाए पनि सांसदहरुले पनि जनताहरुको उत्तर दिनुका सथौ आफ्नो धारणा राख्ने अवसर पाए ।

**अनुसुची १**

**जिल्ला स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रममा स्थानीय जनताहरुले राखेका राय, जिज्ञासा एवं गुनासाहरु र सरोकारवाला निकायबाट दिईएका केही जवाफ प्रतिनिधि रुपमा प्रस्तुत छ ।**

| क सं | प्रश्नकर्ता,गुनासो गर्ने वा सुझाव दिनेको नाम,थर र ठेगाना | सहभागीको प्रश्न /गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | पार्वती भट्ट : अर्न्तपार्टी महिला सञ्जाल/अध्यक्ष | जिल्ला भित्र प्रस्तुती गृहहरु बने पनी कार्यान्वयन नभएपछि सबैले जिल्ला अस्पताल नै धाउनुपर्ने बाध्यता छ ? ति के कारणले कार्यान्वयन हुन सकेन ? | नीशा जोशी : जनस्वास्थ्य अधिकृत/जिल्ला स्वास्थ्य कार्यालय, बैतडी | बर्थीङ सेन्टरहरुमा कर्मचारीको अभाव भएको बेला र एक जना मात्र कर्मचारी हुदाँ चाही त्यो समस्या उत्पन्न भएको हुन सक्छ, अन्यथा समस्या छैन । पछिल्लो समय प्रशुतीगृह संचाल एवं व्यवस्थापन गर्ने जिम्मा स्थानीय तहको हो । |
| २ | जयन्त कुवर : दोगडाकेदार गाउँपालिका | जिल्ला अस्पतालको सेवा प्रभावकारी किन हुन सकेन ? स्थानीयले अझै उपचारका लागि अन्य जिल्ला धाउनुपर्ने बाध्यता छ । यो कहिले सम्म हट्छ अनि स्वास्थ्य संस्थामा प्रसुति सेवा लिदा पाईने भत्ता किन समयमा पाईदैन ? | जगदीश विष्ट : मेसु जिल्ला अस्पताल बैतडी | उपकरण र दक्ष जनशक्तीको अभावमा सेवामा केही समस्या भएको हो तथापी हामीले जिल्ला अस्पतालबाट पाईने सेवाहरु दिने प्रयास गरिरहेका छौं । अब नयाँ ५० सैयाको अस्पताल बनेपछि आशा गरौं समस्या समाधान होला । प्रशुतिलाई भत्ताको |

| | | | | |
|---|---|---|---|---|
| | | | | सन्दर्भमा नगरपालिका को जिम्म यो कुरा भएकाले समस्या भएको हो । |
| ३ | धरम कुवार : दोगडाकेदार गाउँपालिका (फोनबाट) | प्रदेस सरकाबाट भइरहेका सिचाइका कार्यक्रमहरु प्रभावकारी भएका छैनन । यस बारे प्रदेस सभा सदस्यज्युले प्रस्ट पारिदिनुहोस ? | लिलाधर भट्ट : प्रदेश सभा सदस्य/सुदूरपश्चिम प्रदेश | भौतिक मन्त्रालय मार्फत कार्यसम्पदान भइरहेका योजनानहरुमा केहि समस्या आएको छ । सिचाइका लागि श्रोत उपलब्ध भएका र नागरीकहरु लाभान्वित हुने किसिमका योजनाहरु अगाडी सारेकोले अब त्यस्तो समस्या आउने छैन । प्रदेस सरकारले अबका दिनहरुमा सिचाइ लगायत कृषिका कार्यक्रमहरु प्रभावकारी ढंग बाटै लग्ने योजना बनाएको छ । |
| ४ | दिनेश वड : स्थानीय | दशरथचन्द नगरपालिका ४ की बालिका विद्यालयबाटै वेपत्ता भएका हप्ता दिन भन्दा पनि बढी भैसकेको छ यस्मा सुरक्षा निकाय के हेरेर बसेको छ । अझै किन बालिकाको पत्तो लगाउन नसकेको | डिल्लीनारायण पाण्डे : प्रहरी नायब उपरिक्षक/जिल्ला प्रहरी कार्यालय, बैतडी | बालिका हराउनु आफैमा दुखद् कुरा हो हामीले बालिकाको खोजि गर्नका लागि हामीले घटना घटेकै दिनबाट नियमित रुपमा घटनास्थलमा प्रहरी परिचालन गरेका छौं । अनुसन्धान जारी छ, नेपाल प्रहरीका साथै अन्य सुरक्षा निकायले पनि बालिकाको खोजिकार्यमा सहायोग गरिरहेका छन् । |
| ५ | उमेस धामी : स्थानीय/डिलाशैनी गाउँपालिका | विपदको समय आयो, पहिरोको समस्या छ विपद व्यवस्थापनका लागि के गरिरहेको छ जिल्ला प्रशासन कार्यालयले ? | आनन्द पौडेल : प्रमुख जिल्ला अधिकारी, बैतडी | हामीले विपद व्यवस्थापनका लागि आवश्यक तयारी गरेका छौं, दुई वर्ष सम्मा नवनेको जिल्ला विपद पुर्व तयारी तथा प्रतिकार्य योजना बनाएका छौं । जिल्ला विपद व्यवस्थापन |

| | | | | |
|---|---|---|---|---|
| | | | | समितिले विपद आईहालेमा खोज उद्धारका लागि पनि आवश्यक तयारी गरेको छ । फुड बैङ्क स्थापना पनि गरेको छ । तत्काल रेस्क्यू गर्नका लागि पनि समितिले पुरा तयारी गरेको छ । |
| ६ | **बिरेन्द्र साउद :** स्थानीय/शिवनाथ गाउँपालिका (फोन) | शिवनाथ गाउँपालिकामा रहेको अमरगढी सामुदायिक वन अतिक्रमणको चपेटामा छ । तिव्र रूपमा वन फडानी र वनको क्षेत्रमा घर निर्माण चलिरहदा पनि के हेरेर बसेको छ डिभिजन वन कार्यालय, बैतडी | केशब पराजुली : डिभिजन वन अधिकृत/डिभिजन वन कार्यालय, बैतडी | यस्तो खबर सुन्नमा आएको छ । सामुदायिक वनको रेखदेख गर्ने जिम्मा समुदायको नै हो गुनासो आईसकेपछि । हामीले शिवनाथ गाउँपालिकालाई त्यसबारेमा लेखि पठाएका छौं । |
| ७ | **मोहन बराल :** स्थानीय/स्थानीय दशरथचन्द नगरपालिका | निशुल्क भनिएका औषधि समेत जिल्ला अस्पतालबाट पाईदैन यो किन हो | जगदीश बिष्ट : मेसु जिल्ला अस्पताल बैतडी | त्यस्तो औषधिको अभावै भएको त छैन । तरपनि नेपाल सरकारले निशुल्क भनेका केही औषधिहरुको आव हुने गरेको स्वभाविक हो । अहिले औषधि खरिद गर्ने जिम्मा पनि स्थानीय तहको नै भएकाले स्थानीय तहले यस्मा ध्यान दिनुपर्छ । |
| ८ | **गणेश ठगुराठी :** स्वतन्त्र विचार मञ्च/ संयोजक | पुर्वाधार विकास कार्यालयमा प्रदेश सरकारबाट सडक निर्माणका लागि थुप्रो बजेट आएको छ असारको अन्तिममा पुरा काम नगरिकनै उक्त बजेट खर्च गर्ने सडयक्र हुदैछ यो किन भैराछ । | जगत प्रशाद जोशी : प्रमुख /पुर्वाधार विकास कार्यालय | बजेट कार्यान्वयका लागि हामीले ठुलो मेहेनत गरिरहेका छौं । बजेट जतिको भएपनि काम अनुसार मात्रै भुक्तानी हुन्छ र भएको छ । |
| ९ | **प्रेम चन्द :** राप्रपा/अध्यक्ष | सदरमुकामका विद्यालयमा १३ शिक्षक | नरेन्द्र प्रशाद अवस्थी : प्रमुख/शिक्षा | दरवन्दी मिलानको विषय पहिलादेखिनै |

| | | | | |
|---|---|---|---|---|
| | | २० विद्यार्थी हुने गाउँका विद्यालयमा शिक्षक मुस्किलले हुने अथवा हजारौं विद्यार्थीका लागि पनि ३-४ जनामात्रै शिक्षक हुने समस्या कहिले समाधान हुन्छ । | विकास तथा समन्वय एकाई, बैतडी | समस्याका रुपमा रहेको छ हुन त अब लोकसेवा पास भएर आएपछि यो समस्या,समाधान होला र पनि हामीले शिक्षक दरबन्दी मिलानका लागि प्रयास गरिरहेका छौं । |
| १० | **गणेश ठगुराठी :** स्वतन्त्र बिचार मन्च/ संयोजक | कृषिज्ञान केन्द्रले अहिले सम्म के गरेको छ ? साना सिचाई र अन्य अनुदानका कार्यक्रम पनि आफु निकट मात्रै किन वितरण गरेको ? | कर्णबहादुर चन्द : प्रमुख/कृषि ज्ञान केन्द्र | कृषि ज्ञान केन्द्रले अहिले प्रदेशले ल्याएका योजनाकालाई कार्यान्वयन गरेको छ । जहाँ सम्म अनुदान विभिन्न छनोटका का प्रक्रिया पुऱ्याएर वास्तविक संस्था तथा व्यक्तिलाई मात्र दिने गरिएको छ । |
| ११ | **माधव भट्ट :** स्थानीय/दशरथचन्द नगरपालिका (फोन) | बैतडी जिल्लामा विद्युत अनियमित हुने समस्या वर्षौं देखि कायम छ, सामान्य आकासमा बादल लाग्दा पनि विद्युत लाईन काटिने समस्या छ, किन यसबारेमा विद्युत प्राधिकरण बैतडी साखा मौन छ । किन सेवाग्राहीको समस्या प्रति जिम्मेवार हुदैन प्राधिकरण, किन खालि राजश्व मात्रै उठाउने काम गर्छ । | प्रतिनिधि नेपाल विद्युत प्राधिकरण बैतडी शाखा | लाईन विस्तार भएका अधिकासं ठाउँमा जंगल भएकाले समस्या भएको छ । डडेल्धुरामा बैतडीका र बझाङका लागि एकै फिडर राखिएकाले पनि समस्या भएको छ । हामी यसलाई सुधार गर्ने क्रममा छौं । जिल्ला भरी कुनै ठाउँमा पनि लाईन सट हुदा पनि जम्मै ठाउँको विद्युत सेवा अवरुद्ध हुने समस्या छ यसलाई सुधार गर्ने क्रममा छौं । |

## अनुसुचि २

**सार्वजनिक सेवा प्रवाहका बारेमा बैतडी जिल्ला एक सय जना सेवाग्राहीहरुमा गरिएको नागरिक सर्वेक्षणको नतिजा**

**सामाजिक सुरक्षाका कार्यक्रमहरुमा पहुँच, उपयोग र पारदर्शिता (छात्रवृति, भत्ता आदिं.....)**

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने समय, प्रक्रियाका (कहिले, कति, कसरी र कहाँबाट) बारेमा स्थानीय तहवाट दिईने सुचना र जानकारी प्रति कति सन्तुष्ट हुनुहुन्छ ? क) सन्तुष्ट☐ ७० ख) ठिकै ☐ ९ ग) असन्तुष्ट २१ ☐

सामाजिक सुरक्षा भत्ताको वितरण गर्ने समय तालिका र स्थांन प्रति कति सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट☐ ७ ख) ठिकै ३० ☐ ग) असन्तुष्ट ६३ ☐

विद्यालयमा छात्रवृति वितरण नियम अनुसार नियमित र पारदर्शि छ भन्ने कुरामा कति विश्वस्त हुनुहुन्छ

क) सन्तुष्ट ८० ☐ ख) ठिकै ११ ☐ ग) अविश्वस्त ९ ☐

सामाजिक सुरक्षा भत्ता बुझ्न जाँदा कर्मचारीको सहयोग र व्यवहार प्रति कति सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट १९ ☐ ख) ठिकै २८ ☐ ग) असन्तुष्ट ५३ ☐

स्थानीय स्वास्थ्य संस्थाहरुले दिने निशुल्क औषधि र उपचारको जानकारी दिने र दिइएको सेवा प्रति तपाई कति सन्तुष्ट हुनुहुन्छ ? क) सन्तुष्ट २३ ☐ ख) ठिकै ३२ ☐ ग) असन्तुष्ट ४५ ☐

**उपभोक्ता समितिमा सहभागिता, समावेशीता र पारदर्शिता**

उपभोक्त समिति गठन प्रक्रिया वारेमा तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट ९ ☐ ख) ठिकै १९ ☐ ग) असन्तुष्ट ७२ ☐

उपभोक्त समिति गठन गर्दा सहभागितामुलक र समावेशी छ भन्ने कुराको वारेमा तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?
क) सन्तुष्ट १३ ☐ ख) ठिकै १७ ☐ ग) असन्तुष्ट ७० ☐

उपभोक्त समितिले गर्ने हरेक कामहरु पारदर्शि छन भन्ने वारेमा तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट ६ ☐ ख) ठिकै ५ ☐ ग) असन्तुष्ट ८९ ☐

**स्थानीय स्तरबाट प्रवाह गरिने सेवा, सूचना, पहुँच र निष्पक्षता (कृषि, पशु, स्वास्थ्य, शिक्षा, र वडा तथा गाउँपालिकाबाट प्राप्त हुने सिफारिसहरु अदि)**

कृषि तथा पशु सेवा दिने कार्यालय तथा सेवा केन्द्रका कर्मचारीको काम र व्यवहार प्रति कति सन्तुष्ट हुनुहुन्छ ?
क) सन्तुष्ट २९ ☐ ख) ठिकै १२ ☐ ग) असन्तुष्ट ५९ ☐

कृषि तथा पशु सेवा लिन जाँदा अतिरिक्त पैसा तिर्नु परेको छ कि छैन ?

क) तिरेको छैन ९४ ☐ ख) कम तिरेको छु ५ ☐ ग) धेरै तिरेको छु १ ☐

सेवा प्रदायक संस्थाहरुवाट प्रदान गरिने सेवा कति भरपर्दो र गुणस्तरीय पाउनुहुन्छ ?

क) राम्रो छ ४१ ☐ ख) ठिकै छ १४ ☐ ग) राम्रो छैन ५५ ☐

सेवा लिन जाँदा पक्षपात गरेको वा बेवास्ता गरेको वा भेदभाव गरेको महसुस गर्नु भएको छ छैन ?

क) छैन २४ ☐ ख) कहिले काही ३० ☐ ग) प्राय छ ४६ ☐

वन तथा जलस्रोतको व्यवस्थापनको लागि समुदायमा गठन भएका समितिहरुले समुदायको प्रतिनिधित्व गरे जस्तो लाग्छ वा लाग्दैन ? क) राम्रो सँग लाग्छ ५२ ☐ ख) ठिकै १६ ☐ ग) कति पनि लाग्दैन ३२ ☐

आपत विपत पर्दा राहत तथा प्रतिकार्यमा समान व्यवहार पाउनु हुन्छ ? यसमा कति सन्तुष्ट हुनुहन्छ ?
क) सन्तुष्ट ७३ ☐ ख) ठिकै १९ ☐ ग) असन्तुष्ट ८ ☐

सरकारी सेवा लिन जाँदा तपाई एक्लै गएर सेवा लिनु सक्छु भन्ने कुरामा कति आत्मविशवास राख्नुहुन्छ ?

क) सक्छु ६९ ☐ ख) कहिले काही २० ☐ ग) सक्दैन ११ ☐

सेवा दिने कार्यालयले राख्ने वडापत्रको नागरिकले कति उपयोग गर्न सकेका छन् ?

क) राम्रो ५१ ☐ ख) ठिकै २४ ☐ ग) छैन २५ ☐

तपाइको सेवा लिने कार्यालय प्रति केहि गुनासो भएमा त्यो गुनासो राख्न सकिन्छ र त्यसको सुनुवाई हुन्छ भन्ने वारेमा कति विशवस्त हुनुहुन्छ ? क) विश्वस्त ८ ☐ ख) ठिकै २५ ☐ ग) अविश्वस्त ६४ ☐

सेवा लिने कार्यालयका कर्मचारी प्रति कति सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट ४७ ☐ ख) ठिकै ३१ ☐ ग) असन्तुष्ट २२ ☐

सेवा दिने कार्यालयहरु पारदर्शी छन भन्ने कुरामा तपाइ कति सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट १६ ☐ ख) ठिकै ३१ ☐ ग) असन्तुष्ट ५३ ☐

सेवा दिने कार्यालयको कार्यप्रणाली र प्रकृया कस्तो छ ?
क) अति सरल २८ ☐ ख) ठिकै ४२ ☐ ग) अति जटिल ३० ☐

तपाँईको वरीपरि भएका विभिन्न योजनाहरुको अनुगमन को प्रभावकारिता कस्तो पाउनुभएको छ ?
क) राम्रो १७ ☐ ख) औपचारिकता मात्रै ४९ ☐ ग) अनुगमन गरेर के गर्ने कार्यान्वयन हुदैन ३४ ☐

तपाँईले खेति कृषार्नी गरिरहदा मल विउको समस्या कति छ । ? क) राम्रो ४३ ☐ ख) समयमा पाईदैन १३ ☐ ग) बजारको मलनै प्रयोग गर्दैनौ ४४ ☐

## विकास निर्माण सम्वन्धि योजनामा पारदर्शिता र सहभागिता

विकास निर्माण सम्वन्धि योजनाहरु जनसहभागितामुलक र पारदर्शि ढंगले संचालन भएका छन भन्ने वारेमा तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ? क) सन्तुष्ट १८ ☐ ख) ठिकै ११ ☐ ग) असन्तुष्ट ७१ ☐

विकास निर्माण सम्वन्धि योजनाहरु वनाउदा तपाईका योजनाहरु वा तपाईका टोलका योजनाहरु पारीत भएका छन?
क) पारीत भएका छन ५१ ☐ ख) अलिअलि मात्र ३१ ☐ ग) छैन १८ ☐

तपाईको टोल तथा वडाको विकास निर्माणको योजना वनाउदा तपाइ सहभागि हुनुभएको छ ?
क) सधै हुने गरेको छु १५ ☐ ख) कहिलेकाहि मात्र ४२ ☐ ग) कहिले भएको छैन ४३ ☐

तपाँईको ठाउँमा खनिएका सडकको अवस्था कस्तो छ । सडक सुरक्षा सम्वन्धि के भन्न चाहानुहुन्छ ? क) राम्रो छ सजिलो भाछ ३३ ☐ ख) सजिलो त भाछ तर जोखिम छ ४२ ☐ ग) सडक सुरक्षाको अवस्था जटील छ । २५ ☐

## समावेशी तथा लक्षित बजेटको सदुपयोग

बस्ती स्तरमा योजना छनौट गर्दा तपाईका भनाइ तथा माग कति सुनिन्छ ?

क) राम्रो सँग सुनिन्छ २६ ☐ ख) ठिकै ३५ ☐ ग) वास्ता गरिदैन ३९ ☐

स्थनीय तहको बजेट कति समावेशी पाउनु हुन्छ ?

क) राम्रो छ ५१ ☐ ख) ठिकै २७ ☐ ग) केहि छैन २२ ☐

लक्षित वर्ग (दलित, महिला र पछाडी पारिएका समुदाय) का लागि छुट्याइएको बजेट समयमा सहि तरिकाले कार्यान्वयन हुन्छ, हुदैन ?

क) समयमा हुन्छ ११ ☐ ख) केहि हुन्छ २१ ☐ ग) हुदैन ६८ ☐

लक्षित वर्ग (दलित, महिला र पछाडी पारिएका समुदाय) का लागि छुट्याइएको बजेट जे उदेश्यका लागि छुट्याइएको हो त्यसको खर्च हुन्छ कि हुदैन? क) सवै हुन्छ १४ ☐ख) केहि हुन्छ ३४ ☐ ग) हुदै हुदैन ५२ ☐

बजेट र योजना छनौट प्रक्रिया पारदर्शि भए जस्तो लाग्छ कि लाग्दैन ?

क) पारदर्शि छ २३ ☐ ख) ठिकै छ ४२ ☐ ग) छैन ३५ ☐

स्थानीय तहको योजना र बजेट वनाउँदा तपाईको अर्थात तपाईको वस्तीको मागलाई समान महत्व दिन्छ भन्ने कुरामा तपाई कति विश्वस्त हुनुहुन्छ ? विश्वस्त छु ४१ ☐ ख) कम विश्वस्त २८ ☐ ग) विश्वस्त छैन ३१ ☐

स्थानीय तहले स्थनीय आवश्यकता र संभावनाका योजना प्राथमिकिकरण गर्न सक्छ वा सकेको छ भन्ने वारेमा तपाई कति विश्वस्त हुनुहुन्छ ? क) विश्वस्त छु ३६ ☐ ख) कम विश्वस्त ३३ ☐ ग) विश्वस्त छैन ३१ ☐

तपाईको ठाउँमा संचालन हुने गोष्ठि तथा सेमेनारहरुकोको बारेमा तपाँइलाई कतिको थाहा हुन्छ ? तपाँईको त्यसमा सहभागिता कतिको भएको छ । क) थाहा छ सहभागि हुन्छु १९ ☐ ख) थाहा छ सहभागि गराउदैनन् ३५ ☐ ग) केहि थाहा छैनन् । ४६ ☐

## महिला हिंसा सम्बन्धी घटनाको न्यायिक प्रक्रियामा पहुँच र शान्ति सुरक्षा

महिला हिंसाका घटना घट्ने गरेको वारेमा तपाईलाई कतिको थाहा छ ?

क) थाहा छ ८२ ☐ ख) कम छ ११ ☐ ग) थाहा छैन ७ ☐

महिला हिंसाका घटना घट्दा राजनीतिक दलका नेताहरु र जनप्रतीनिधीहरुले पीडितका पक्षमा सहयोग गरेको वारेमा तपाईलाई कतिको थाहा छ ? क) थाहा छ ३७ ☐ ख) कम छ २४ ☐ ग) थाहा छैन ३९ ☐

महिला हिंसाका घटनामा उजरी दर्ता गर्ने क्रममा प्रहरीको व्यवहार कस्तो पाउनु भएको छ ?

क) धैरै सहयोगि ३१ ☐ ख) ठिकै ५० ☐ ग) असहयोगि १९ ☐

महिला हिंसाका घटनामा प्रहरीले गर्ने अनुसन्धान र कारवाहीप्रति तपाइ कतिको संतुष्टि हुनुहुन्छ ?
क) सन्तुष्ट ७७ ☐ ख) ठिकै १२ ☐ ग) असन्तुष्ट ११ ☐
तपाँईको ठाउँमा शान्ति सुरक्षाको अवस्था कस्तो पांउनुभएको छ ? क) सुरक्षित ८१ ☐ ख) ठीकै १३ ☐ ग) असुरक्षित ६ ☐

अनुसूची– ३ सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गर्नु पुर्व अनुमोदन गरिएको आचारसंहिता

## सार्वजनिक सुनुवाईमा पालना गर्नुपर्ने आचारसंहिता

१) सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२) सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३) सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।

४) सेवाग्राही सहभागी नागरिकहरु धेरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुँदागत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।

५) आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउने, कुरा काट्ने र लाञ्छना लगाएर बोल्न पाइने छैन ।

६) चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

७) सहभागीले विना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईनेछैन ।

८) सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाईने छैन ।

९) सुनुवाईलाई विथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालिनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०) सुनुवाईलाई विषयान्तर हुनबाट सबै सहभागि सचेत हुनुपर्नेछ ।

अनुसुची ४: कार्यक्रमका केही झलकहरु :






सार्वजनिक सुनुवाईमा नागरिकका प्रश्नका उत्तर दिई आफ्ना धारणा समेत राख्दै सुदूरपश्चिम प्रदेशका प्रदेशसभा सदस्य क्रमश: लिलाधर भट्ट र प्रेमप्रकास भट्ट





सार्वजनिक सुनुवाईमा नागरिकका प्रश्नका उत्तर दिदै क्रमश: प्रमुख जिल्ला अधिकारी आनन्द पौडेल र शिक्षा विकास तथा समुन्वय एकाईका प्रमुख नरेन्द्र प्रशाद अवस्थी



सार्वजनिक सुनुवाईका सहभागिहरु

## अनुसुची ४: सार्वजनिक सुनुवाई कार्यक्रममा भएको खर्च विवरण

| क्र.सं. | विवरण | खर्च | |
|---|---|---|---|
| १ | सूचना प्रशारण र प्रत्यक्ष प्रशारण (तिन रेडियोबाट) | ३५००×३ | १०५००।- |
| २ | नास्ता र पानी (राज स्विट र मोहित स्वीट्स) बाट | १०८००+२३९० | १३१९०।- |
| ३ | प्रिन्ट, मार्कर सेल, फोटोकपि | | ११७५ |
| ४ | ब्यानर | | ८००।- |
| ५ | साउण्ड | | १०००।- |
| ६ | सहजिकरण | २०००×३ | ६०००।- |
| ७ | नागरिक प्रतिवेदन (१० वटै पालिकामा) | १०००×१० | १००००।- |
| ८ | व्यवस्थापन सहयोगी | १०००×३ +५००×४ | ५०००।- |
| ९ | फोन रिचार्ज | | १०००।- |
| १० | नागरिक समाज (यातायात खर्च) | | २४००।- |
| | भिडियो रेकर्ड | | ३९००।- |
| जम्मा | | | ५४९६५।- |

*बिल भर्पाइहरु यसै साथ संलग्न छन्*

## सन्दर्भ सामाग्री

- सर्वाजनिक सुनुवाई ऐन २०६४
- सुशासन नियमावली, २०६५
- सार्वजनिक सुनुवाइ सम्बन्धी कार्यविधि, २०६२
- सार्वजनिक सुनुवाई निर्देशिका
- जिल्ला प्रशासन कार्यालयको आयोजनामा संचालन गरिएको सार्वजनिक सुनुवाई कार्यक्रम आ.व. ०७५/०७६
- बैतडी जिल्लाका दश वटै गाउँपालिकाबाट संकलित नागरिक प्रतिवेदन

प्रतिवेदन तयार गरेको मिति: ०७६।२।२९

प्रतिवेदकको हस्ताक्षर